# बागलुङ जिल्ला अदालत

# बागलुङ

**सूचना !** **सूचना !!** **सूचना !!!**

मिति-२०७७।०३।०२

लकडाउन खुलिसकेको तर सार्वजनिक यातायात सञ्चालन नभएको वर्तमान परिप्रेक्ष्यमा यस अदालतबाट कोरोना भाईरस (कोभिड-१९) को बढ्दो संक्रमणसमेतलाई मध्यनजर राख्दै यस अदालतबाट पहिलो चरणमा तपसील बमोजिमका कार्यहरु सुचारु गरिने बेहोरा सबैको जानकारीका लागि अनुरोध छ।

## यस अदालतबाट पहिलो चरणमा सुचारु हुने सेवाहरु

१. विशेष प्रकृतिका निवेदन (प्रत्येक शुक्रवारमात्र सुनुवाई हुने)
२. अधिक समय नलाग्ने मिलापत्र एवं मुद्दा फिर्ताको कार्य ।
३. तत्काल मिलापत्र गर्ने फिरादपत्र/प्रतिउत्तरपत्र ।
४. अधिकृत वारेसनामा प्रमाणित गर्ने कार्य ।
५. जग्गा रोक्का र फुकुवा निवेदन (फुकुवाको सुनुवाई प्रत्येक शुक्रवारमात्र)
६. मुद्दा तामेली, डिसमिस गर्ने कार्य ।
७. घरेलु हिंसा सम्वन्धी उजुरी लिने कार्य ।
८. निषेधाज्ञा निवेदन लिने कार्य ।
९. स्रेस्तेदार/तहसीलदारका कामकारवाही उपरका उजुरी सुन्ने कार्य ।
१०. पुर्पक्षका लागि थुनामा रहेका ब्यक्तिका मुद्दामध्ये अङ्ग पुगेका मुद्दा पुरानाको क्रमानुसार पेशीमा चढ्ने र सुनुवाई हुने ।
११. कसुर कायम भई सजाय निर्धारण गर्न बाँकी मुद्दाको सुनवाई गर्ने ।
१२. फैसला कार्यान्वयनका निवेदनमध्ये विगो दाखिला भएका र मिलापत्र गर्न आएका दरखास्त उपर कारवाही गरिने ।
१३. तारेखसमेतका कार्यको लागि सार्वजनिक यातायात खुलेको मितिले ३० दिनको समयभित्र आएका तारेख पाईने भए तापनि सो अगावै आएको अवस्थामा समेत तारेख दिईने ।

**पुनश्चः- सेवा लिन उपस्थित सेवाग्राहीहरुले कोरोना भाईरस (कोभिड-१९) बाट बच्ने सम्पूर्ण उपाय अपनाई आउनुपर्नेछ।**

स्रेस्तेदार (शा.अ.)

# बागलुङ जिल्ला अदालत
## बागलुङ

**सूचना !** **सूचना !!** **सूचना !!!**

मिति-२०७७।०३।०२

लकडाउन खुलिसकेको तर सार्वजनिक यातायात सञ्चालन नभएको वर्तमान परिप्रेक्ष्यमा यस अदालतबाट कोरोना भाईरस (कोभिड-१९) को बढ्दो संक्रमणसमेतलाई मध्यनजर राख्दै यस अदालतबाट पहिलो चरणमा केही काम कारवाहीहरुलाई सुचारु गर्न लागेकाले यस अदालतभित्र प्रवेश गर्ने सेवाग्राहीहरुले निम्न सुरक्षाका उपायहरु अपनाउनु हुन अनुरोध गरिन्छ।

१. रुघाखोकी, खोकी र ज्वरो आएका सेवाग्राहीहरु अदालत प्रवेश नगर्ने ।
२. अदालत प्रवेशसँग मूल गेटमा सुरक्षाकर्मीसँग सम्पर्क गरी ज्वरो मापन गर्ने ।
३. नजिकै रहेको धारामा साबुन पानीले राम्रोसँग हात धुने ।
४. मास्कको प्रयोग सधैं गर्ने ।
५. प्रतिक्षालयमा आफ्नो पालो पर्खेर बस्ने ।
६. समय पाएपछि सम्वन्धित शाखामा कामका लागि जाने र काम सकिएलगत्तै फर्किने ।
७. मुद्दामा पक्ष र जरुरी कामबाहेक अन्य ब्यक्तिहरु अदालत प्रवेश नगर्ने ।
८. अदालतको मूल गेटबाट प्रवेश सँगसँगै हात धुने प्रतिक्षालयमा बस्ने तथा सम्वन्धित शाखामा कामका लागि जाने समग्रमा अदालत प्रवेशपछि बाहिर ननिस्कने बेलासम्म सामाजिक दुरी( कम्तीमा २ मीटरको दुरी) कायम गर्ने।
९. अदालतभित्र भीडभाड नगर्ने ।

***कोरोना भाईरस (कोभिड-१९) बाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।***

2077/3/2